शहिद लखन गाउँपालिका

# पशुपंछी तथा मस्त्य विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६

प्रमाणित

२०७६/०८/१८

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# पशुपंछी तथा मस्त्य विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६

**प्रस्तावनाः** गाउँपालिका भित्र पशुपालन र मत्स्य पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत पशु विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित, सरलिकृत र पद्धतिमूलकरुपले संचालन गर्न वाञ्छनीय भएकोले शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम "पशुपंछी तथा मत्स्य विकास अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६रहेको छ।

२) यो कार्यविधि शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

३) यो कार्यविधि शहिद लखन गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २
## परिभाषा

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनुपर्दछ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शहिद लखन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

३) "शाखा प्रमुख" भन्नाले शअद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सम्वन्धित शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

४) "गाउँ कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद ३
## उद्देश्यहरु

३. उद्देश्यहरुः

१) कृषि तथा पशुपंछीजन्य वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई स्वरोजगार एवं व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने।

२) कृषि तथा पशुपंछी क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्ने।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ४
## कार्यक्रम संचालन प्रक्रिया

४. **आवेदन माग गर्न सक्ने:**

१) अनुदान कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गरी आवेदन माग गर्न सक्नेछ।

२) उपदफा १ बमोजिमको सूचना अनुसार आवेदन पेश गर्दा दर्तावाला फर्म/सहकारी/कृषक समूहहरुले अनुसूचि १ (क) बमोजिमको निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्दछ।

क) फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एक प्रति

ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति।

ग) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

घ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि।

ङ) आवेदकले आफूले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव।

च) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने काजजातको प्रतिलिपि।

छ) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि।

ज) वडा कार्यालयको कृषक वर्गिकरण फारमको प्रतिलिपि (कृषक वर्गीकरण भएको अवस्थामा)।

३) उपदफा १ बमोजिमको सूचना अनुसार आवेदन पेश गर्दा विपन्न, दलित, जनजाति, सिमान्तकृत, महिलाहरु लगायतका लक्षित वर्गले अनुसूची १(ख) बमोजिमको निवेदनको साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

क) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

ख) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि।

ग) वडा कार्यालयको कृषक वर्गिकरण फारमको प्रतिलिपि (कृषक वर्गीकरण भएको अवस्थामा)।

घ) वडा कार्यालयबाट भौगोलिक अवस्था (सडक, बजार क्षेत्र) उपलब्धताको सम्वन्धमा वडा कार्यालयको सिफारिस।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थरुङ, गोरखा २०७३

२०७७/०८/१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

ङ) वडा कार्यालयबाट आर्थिक अवस्था प्रमाणित गरेको सिफारिस।

च) वडा कार्यालयबाट एकल महिला वा परिवारमा एक्लो सदस्य भएको वा परिवारमा ६० वर्ष नाघेको वृद्धवृद्धा र १६ वर्ष मुनिका बालबालिका मात्र भएको भए सोको सिफारिस पत्र

छ) आफूले प्राप्त गरेका तालिमहरुको प्रमाणपत्रको प्रतिलिपि

ज) आफुले संचालन गर्ने परियोजना सम्बन्धी प्रस्ताव

४) कृषि तथा पशुपंछी फर्म, माछा फर्म, कृषक समूह, कृषि सहकारी, दुग्ध सहकारी, मासु पसल संचालक, तथा कृषि, पशु तथा मत्स्यपालक कृषकले तोकिएको समयमा आवेदन दिन सक्नेछन् ।

५. **आवेदन संकलनः** दफा ४ बमोजिम आवेदनहरु गाउँपालिकामा दर्ता गराउनु पर्नेछ।

## परिच्छेद ६
## छनौट प्रक्रिया

६. **छनौट प्रक्रियाः**

१) रित पूर्वक पेश हुन आएका आवेदनहरुको आधारमा सम्वन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकिकरण गर्नेछ।

२) छनौट समितिः छनौट समति देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) प्रशासन शाखा प्रमुख | - सदस्य |
| ग) योजना शाखा प्रमुख | - सदस्य |
| घ) कृषि शाखा प्रमुख | - सदस्य |
| ङ) पशु सेवा शाखा प्रमुख | - सदस्य सचिव |

३) प्राप्त आवेदनहरुको आधारमा छनौट समितिले छनौट गरेको सूचि स्वीकृत हुनुपूर्व कम्तीमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्न सकिनेछ।

४) छनौट भएका आवेदनहरु स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पशु सेवा शाखाले पेश गर्नु पर्ने छ।

५) स्वीकृत भएका कार्यक्रमहरु संझौता गरी कार्यान्वयन गरिनेछ।

७. **छनौटका आधारहरुः**

क) छनौटका अधारहरु दर्तावाल फर्म/सहकारी/कृषक समूहको लागि अनुसूचि २ (क) र विपन्न, दलित, जनजाति, सिमान्तकृत, महिला लगायतका लक्षित कार्यक्रमको लागि अनुसूची २(ख) बमोजिम हुनेछ।

ख) कार्यक्रम छनौट भई अनुदान प्राप्त गर्न अनुसूचि २(क) र (ख) बमोजिम कम्तीमा ५० अंक प्राप्त गर्नुपर्नेछ।

गाउँपालिकाको कार्यालय, गोरखा २०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ७

## भुक्तानी प्रक्रिया

८. अनुदान रकम र भुक्तानी प्रक्रियाः

१) कार्यक्रम संचालनको लागि स्वीकृत भए बमोजिम अनुदान रकम प्रदान गरिनेछ। अनुदान बाहेकको थप श्रोत आवेदक आफैले व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्ने पर्नेछ।

क) वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति,

ख) वडा स्तरीय अनुगमन प्रतिवेदनको सक्कल प्रति,

ग) आवश्यक बिल भरपाई,

घ) अनुदान कार्यक्रम संचालन भएको स्थलको फोटो ३ प्रति,

ङ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि,

च) भुक्तानीका लागि निवेदन।

९. अनुगमनः

१) संचालित कार्यक्रमको गाउँपालिका, पशु सेवा शाखा, वडा कार्यालय तथा पशु सेवा केन्द्रले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

१०. भुक्तानी दिन बाध्य नहुनेः

१) सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

२) सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन।

## परिच्छेद ८

## विविध

११. बाधा अड्काउ फुकाउः यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा भएमा सोको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ।

शहीद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैलुङ, गोरखा २०७३

२०७५।०८।१९
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि -१ (क)

अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

(दर्तावाला फर्म/सहकारी/कृषक समूहको लागि)

मितिः.........................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
घैरुङ्ग, गोरखा।

**विषयः कार्यक्रम अनुदान सम्बन्धमा।**

प्रस्तुत विषयमा शहिद लखन गाउँपालिका, पशु सेवा शाखाबाट मिति........................ मा प्रकाशित सूचना अनुसार ....................................................... शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**संलग्न कागजातहरुः**

क) फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एक प्रति

ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति।

ग) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

घ) समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि।

ङ) आवेदकले आफूले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव।

च) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने काजजातको प्रतिलिपि।

छ) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि।

ज) वडा कार्यालयको कृषक वर्गिकरण फारमको प्रतिलिपि (कृषक वर्गीकरण भएको अवस्थामा)।

निवेदकको
दस्तखतः
नाम, थरः
ठेगानाः
सम्पर्क नं.:
छापः

२०७६।६।१८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

अनुसूचि -१ (ख)

अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

(विपन्न, दलित, जनजाती, सिमान्तकृत, महिला लक्षितको लागि )

मितिः.......................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
घैरुङ्ग, गोरखा।

**विषयः कार्यक्रम अनुदान सम्बन्धमा।**

प्रस्तुत विषयमा शहिद लखन गाउँपालिका, पशु सेवा शाखाबाट मिति....................... मा प्रकाशित सूचना अनुसार ......................................................... शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**संलग्न कागजातहरुः**

क) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

ख) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि।

ग) वडा कार्यालयको कृषक वर्गिकरण फारमको प्रतिलिपि (कृषक वर्गीकरण भएको अवस्थामा)।

घ) वडा कार्यालयबाट भौगोलिक अवस्था (सडक, बजार क्षेत्र) उपलब्धताको सम्बन्धमा वडा कार्यालयको सिफारिस।

ङ) वडा कार्यालयबाट आर्थिक अवस्था प्रमाणित गरेको सिफारिस।

च) वडा कार्यालयबाट एकल महिला वा परिवारमा एक्लो सदस्य भएको वा परिवारमा ६० वर्ष नाघेको वृद्धवृद्धा र १६ वर्ष मुनिका बालबालिका मात्र भएको भए सोको सिफारिस पत्र

छ) आफूले प्राप्त गरेका तालिमहरुको प्रमाणपत्रको प्रतिलिपि

ज) आफुले संचालन गर्ने परियोजना सम्बन्धी प्रस्ताव

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घैरुङ, गोरखा २०७३

जीवन बहादुर अलि मगर
प्रमुख प्रशासकीय अधिकृत

निवेदकको
दस्तखतः
नाम, थरः
ठेगानाः
सम्पर्क नं.:
छापः

अनुसूचि -२ (क)

दफा ७ सँग सम्बन्धित

(दर्तावाला व्यावसायिक फर्म/सहकारी/कृषक समूहको लागि)

| क.सं. | छनौटका आधारहरु | अंक |
|---|---|---|
| १ | फर्म दर्ता भएको | क) ३ वर्ष भन्दा बढि भएको - १५<br>ख) १ वर्ष देखि ३ वर्ष भएको -१०<br>ग) १ वर्ष भन्दा कम समय भएको-५ |
| २ | सम्बन्धित विषयमा सात दिन भन्दा माथि तालिम लिएको | क) ७ दिन वा सो भन्दा बढि दिनको तालिम लिएको-१५<br>ख) ७ दिन भन्दा कम तालिम लिएको-१०<br>ग) तालिम नलिंएको-५ |
| ३ | समुह/सहकारी वा व्यक्तिगत फर्म | क) समूह/सहकारी-१५<br>ख) व्यक्तिगत- १० |
| ४ | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा-२०<br>ख) सहायक पेश भएमा-१० |
| ५ | लक्षित वर्ग | क) सिमान्तकृत - २०<br>ख) दलित तथा जनजाती - १५<br>ग) अन्य - १० |
| ६ | कार्यक्रम संचालनको लागि पूर्वाधारको अवस्था (सडक, बत्ती, बजार) | क) पूर्वाधारको उत्तम व्यवस्था-१५<br>ख) पूर्वाधारको मध्यम व्यवस्था-१०<br>ग) पूर्वाधारको सामान्य व्यवस्था-५ |

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुम्सिकोट, गोरखा २०७३

२०७६।०८।१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि -२ (ख)

### दफा ७ सँग सम्बन्धित

(विपन्न, दलित, जनजाति, सिमान्तकृत, महिलाहरुका लागि)

| क्र.सं. | छनौटका आधारहरु | अंक |
|---|---|---|
| १ | आर्थिक अवस्था | क) वार्षिक १ लाख भन्दा कम आम्दानी भएको-३०<br>ख) वार्षिक १ लाख देखि ३ लाख सम्म आम्दानी भएको -२०<br>ग) वार्षिक ३ लाख भन्दा बढी आम्दानी भएको-१० |
| २ | भौगोलिक अवस्था | क) मुख्य सडक/बजार क्षेत्रमा घर भएको-५<br>ख) सहायक स्तरको सडक क्षेत्रमा घर भएको -१०<br>ग) वस्ती स्तरको सडक क्षेत्रमा घर भएको-१५<br>घ) सडक/बजार क्षेत्रमा घर नभएको-२० |
| ३ | पशुपंछीको संख्या | क) सम्बन्धित पशुको संख्या ५/पंछीको संख्या १२ भन्दा बढी भएमा-१५<br>ख) सम्बन्धित पशुको संख्या ३ भन्दा बढी/पंछीको संख्या ८ देखि १२ भएमा-१०<br>ग) सम्बन्धित पशुको संख्या ३/पंछीको संख्या ५ भन्दा कम भएमा-५ |
| ४ | तालिम | क) ७ दिन वा सो भन्दा बढीको तालिम प्राप्त -१५<br>ख) ७ दिन भन्दा कम तालिम प्राप्त -१०<br>ग) तालिम प्राप्त नगरेको - ५ |
| ५ | प्रस्तावदाताको स्थिति | क) परिवारमा ६० वर्ष नाघेको वृद्धवृद्धा र १६ वर्ष मुनिका बालबालिका मात्र भएको-२०<br>ख) एकल महिला/परिवारमा एक्लो सदस्य भएमा-१५<br>ग) अन्य-५ |

शहीद लखन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गोरखा
२०७३

२०७६।०८।१५
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

मितिः२०७६।०५।१९ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७६।०५।१९

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैरुङ, गोरखा
२०७३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत